कञ्चनपुर जिल्ला अदालत

कञ्चनपुर

## सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

कञ्चनपुर जिल्ला अदालतको भवन मर्मत, रंगरोगन र वायरिङ्गको कार्य गर्न नियमानुसार ईजाजत प्राप्त ईच्छुक फर्म / कम्पनी तथा संस्थावाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वकको दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:-

१. इच्छुक फर्म, कम्पनी, सप्लायर्सले अध्यावधिक नवीकरण गरिएको ईजाजतपत्र, स्थायी लेखा नं प्रमाण पत्र मू.अ.क दर्ता प्रमाणपत्रको प्रतिलिपी, आर्थिक वर्ष ०७६।०७७ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरु (आयकर चुक्ता नभएको खण्डमा म्याद थपको स्वीकृति पत्र) सहितको निवेदन पेश गरी नगद रु १०००।— (अक्षेरुपी एक हजार मात्र) फिर्ता नहुने गरी दरभाउ पत्र दस्तुर तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछ ।

२. खरिद गरेको फारामहरुमा उल्लेख भएको सवै विवरण भरी सिलबन्दी दरभाउपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलवन्दी खाम बाहिर फर्मकोनाम, ठेगाना, कामको विवरण, प्रोप्राईटको नाम, मोबाईल नम्बर ईमेल आईडी समेत स्पष्ट खुलाई फर्मको आधिकारीक छाप लगाई सिलवन्दी लाहाछाप गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १२:०० बजे भित्र यस अदालतमा दर्ता गराउनु पर्ने छ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

४. सिलवन्दि दरभाउपत्र जमानत वापत तपशिलमा तोकिए बमोजिमको कम्तिमा ७५ दिनको म्याद भएको वैकबाट जारी भएको वैक जमानत पत्र वा यस अदालतको नाममा जारी भएको बिडवार्ड वा को.ले.नि.का कञ्चनपुरको रा.बा.वैक शाखा कार्यालय महेन्द्रनगरमा रहेको धरौटी खाता नं ४१८०१००१०२०३०००० कार्यालयकोड २०४९७७६०१ (कञ्चनपुर जिल्ला अदालत) मा जम्मा गरेको सक्कलै भौचर दरभाउपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

५. दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको ठिक १४:०० अदालतका प्रतिनिधीहरु तथा सिलबन्दी दरभाउपत्रदाता वा निजका आधिकारीक प्रतिनिधिहरुको रोहबरमा खोलिने छ ।सिलबन्दी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधी उपस्थीत नभएको खण्डमा पनि दरभाउपत्र खोल्ने कार्यामा कुनै वाधा पर्ने छैन ।

६. सिलवन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै भोलीपल्ट वा अदालत खुलेको पहिलो दिन सोही समयलाई उक्त प्रयोजनको लागी मान्यता दिईनेछ ।

७. शर्त वमोजिमको रित नपुगी वा म्याद नाघेको वा कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरु मान्य हुने छैन ।

८. दरभाउपत्रमा आईटमवाईज दर अंक र अक्षर दुवैमा स्पष्ट वुझिने गरी लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखीएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा सिलवन्दी दरभाउपत्र दाताको सही छाप अनिवार्य हुनु पर्नेछ ।

९. कुनै कारण देखाई दरभाउ पत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आशंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ ।

१०.सिलवन्दी दरभाउपत्र दाताले सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग वुझी दररेट भरेको मानिनेछ

११.यस सूचनामा उल्लेख नभएका अन्यकुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संसोधन सहित) र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१२.निर्माण कार्यमा प्रयोग हुने मालसामानको गुणस्तर स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ ।

१३.सारभुत रुपमा प्रभावग्राही भई स्वीकृत भएका दरभाउपत्रदाताले उक्त कार्य सम्पन्न गरे पश्चात प्राविधिकवाट चेक जाँच तथा रुजु गरी आवश्यक विल भरपाई पेश भए पश्चात मात्र भुक्तानी प्रकृया अगाडी बढाईनेछ ।

१४.यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा थप कुरा बझ्न परेमा यस अदालतमा कार्यालय समय भित्र सन्पर्क राखी बुझ्न सकिनेछ ।

| S.N | Contract No. | Description of Work | Estimated amount (w/o VAT) | Bid security | Cost of the bidding doc. |
|---|---|---|---|---|---|
| 01 | 01/KDC/BMW /077/078 | Office Building Panting and maintenance work | 12,81,770.11 | 35,000.00 | 1000.00 |

अस्तेदार
उप-सचिव